# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८१/०८२
च.नं.-

मितिः-२०८२/०२/०१

## शिलबन्दी बोलपत्र आह्वानको सूचना!!!!
## प्रथम पटक प्रकाशित सुचना मिति : २०८२/०२/०१

यस दुहबी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व.२०८२/८३ को लागि मिति २०८३ अषाढ मसान्त सम्म को लागि शिलवन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, संस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलवन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक मु.अ.कर समेत बार्षिक रु |
|---|---|---|
| रा.आ.ठे.नं.१ | साप्ताहिक मवेशी पशुचौपाया खरिद बिक्री हाटकर,दुहवी-४ | १६,७०,०००।- |
| रा.आ.ठे.नं.२ | मंगलबारे खसि, सुगुंर काटी मासु बिक्रि हाटकर, दुहवी-४ | १३,८७,०००।- |
| रा.आ.ठे.नं.३ | जिउदो खसि बाख्रा हाटकर, दुहवी-४ | १४,९१,०००।- |
| रा.आ.ठे.नं.४ | दैनिक गुदरी हाटकर, दुहवी-४ र ५ | ७,७०,०००।- |
| रा.आ.ठे.नं.५ | भलुवा फर्साहि हाटकर,दुहवी-६ | ८८,०००।- |
| रा.आ.ठे.नं.६ | बिहिबारे साप्ताहिक हाटकर, दुहवी-८ | २,५५,०००।- |
| रा.आ.ठे.नं.७ | आईतबारे साप्ताहिक हाटकर, दुहवी-८ | ९३,५००।- |
| रा.आ.ठे.नं.८ | बुधबारे, आईतबारे मंगलबारे हाटकर, दुहवी-१० | ६,३३,०००।- |
| रा.आ.ठे.नं.९ | वडा नं.१२ मा लाग्ने सम्पूर्ण हाटकर, दुहवी | ६९,५००।- |
| रा.आ.ठे.नं.१० | शुक्रबारे सोमबारे हाटकर, दुहवी-११ | ३३,१००।- |
| रा.आ.ठे.नं.११ | बुधबारे हाटकर, दुहवी-८ | १,७३,०००।- |
| रा.आ.ठे.नं.१२ | भैशी डिल हाटकर, दुहवी-८ | ८३,६००।- |
| रा.आ.ठे.नं.१३ | कवाडी तथा कानुनले निषेध गरे बाहेकका मृतक पशुको हाड सिंग खुर निकाशी कर | ४४,००,०००।- |
| रा.आ.ठे.नं.१४ | मंगलबारे,शुक्रबारे हाटकर, दुहवी-९ | १,५४,०००।- |
| रा.आ.ठे.नं.१७ | आईतबारे बुधबारे हाटकर, दुहवी-११ | १६,६००।- |

**शर्तहरु**

१. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% धरौटी बापत रकम दुहवी नगरपालिकाको कार्यालयको एन.आई. एसिया बैंक दुहवी शाखामा रहेको धरौटी खातामा

केशव गौतम
लेखा अधिकृत

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८१/०८२
च.नं.-

नं. १०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक जमानतको हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गको बैंक बाट जारी गरेको कम्तीमा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

२. शिलबन्दी बोलपत्र साथ वोलपत्रवालाले व्याक्तिको हकमा नेपाली नागरीकताको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाण पत्र प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व.२०८०/८१को करचुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रा. ठे. नं १३ को हकमा रु.३०००। अन्यको हकमा रु १०००। (फिर्ता नहुने गरी बोलपत्र फारम दुहवी न.पा. नगर कार्यपालिकाको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति रा.ठे. नं १३ को हकमा प्रथम पटक सुचना जारी भएको तिसौ दिन सम्म (२०८२/०२/३०) र अन्यको हकमा मिति २०८२।०२।१५ गते सम्म खरिद गर्न सकिने छ रा.ठे. नं. १३ को शिलबन्दी बोलपत्र मिति २०८२/०२/३१ गते १२:०० बजे र अन्यको मिति २०८२।०२।१६ गते १२:०० बजे दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र सोहि दिन दिनको ०२:०० बजे यस न.पा. कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६.शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. स्विकृत ठेक्का रकम दाखिला गर्दा सम्झौताको वखत नै ५०% रकम अनिवार्य दाखिला गर्नुपर्ने छ र बाँकी ५०% रकम लाई दुई किस्ता गरी आगामी किस्ताको अवधि शुरु हुनु भन्दा एक महिना अगावै बाँकी किस्ताको रकम दाखिला गर्नु पर्ने छ । साथै फर्मको नाममा स्विकृत गरिएका ठेक्काहरुको हकमा ५०% रकम बराबरको बैंक ग्यारेण्टि समेत अनिवार्य लिई मात्र सम्झौता गरिने छ । र स्विकृत ठेक्काको रकम एकमुष्ठ बुझाएमा १०% छूट दिईने छ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ

९ नगरपालिकाले तोकि दिएको दर रेटमा फरक . नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१० अन्य जानकारीको लागि दुहबी नगरलिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५- ५४०३४८ मा सम्पर्क राख्न सकिने छ।

११ . बोलपत्र दर्ता गर्ने अन्तिम मिति ताथा शिलबन्दि बोलपत्र खिलोने मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिने छ।

१२. वोलपत्र दाता वा फर्मले ठेक्का सम्झौता गर्न आउदा फर्म/संस्था प्रोपाईटरको नाममा गत विगत बर्षको नगरपालिकालाई बुझाउन बाँकी वक्यौता भएमा सो समेत दाखिला गर्नु पर्ने छ । अन्यथा न.पा उक्त फर्म/संस्था सँग नयाँ सम्झौता गर्न बाध्य हुने छैन ।

१३.प्रचलित कानिन विपरित हुने कुनै काम गरेमा वा तोकिएको समयमा ठेक्का रकम न.पालाई नबुझाएमा जुनसुकै वखत पनि ठेक्का सम्झौता भंग गरी अन्य वौकल्पिक व्यवस्था गरिने छ । यसरी ठेक्का सम्झौता भंग गरी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षती ठेकेदार स्वयमले व्यहोर्नु पर्ने छ ।

१४. यस सुचनामा उल्लेख भएका कुराहरुयसै बमोजिम हुने र उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत